# उत्तरगया गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

लहरेपौवा, रसुवा
बागमती प्रदेश, नेपाल

पत्रसंख्या (Ref. No.) २०८२/०८३
च.न.(Dispatch No.) 00-८२३

मितिः- २०८२/१२/१७

विषयः सूचना बमोजिमको आवेदन संकलन गरी पेश गर्ने सम्बन्धमा ।

श्री वडा कार्यालय (१-५), सबै ।
उत्तरगया गाउँपालिका, रसुवा ।

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति २०८२/१२/१७ गते प्रकाशन भएको **वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूका लागि उद्यमशीलता प्रवर्द्धन कार्यक्रम अन्तर्गत उद्यमशीलता तथा वित्तीय साक्षरता तालिममा सहभागिता सम्बन्धी सूचना** अनुसार तहाँ वडा बाट वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा नै उद्यम तथा व्यवसाय गर्न चाहने व्यक्तिहरुको आवेदन संकलन गरी मिति २०८३/०१/०४ भित्रमा कार्यालयमा पठाइदिनुहुन अनुरोध छ । साथै प्रकाशित सूचना र फाराम यसै पत्र साथ संलग्न छ ।

२०८२/१२/१७

होमनाथ दाहाल
प्रमुख प्रशासकीय अधिकृत

होमनाथ दाहाल
प्रमुख प्रशासकीय अधिकृत

Website: www.uttargayamun.gov.np
Email: uttargayarm1@gmail.com
फोन नं. +९७७-१०५९२७७७

"समृद्ध उत्तरगया, सभ्य र खुशी उत्तरगयाबासी"

# उत्तरगया गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

लहरेपौवा, रसुवा

बागमती प्रदेश, नेपाल

पत्रसंख्या (Ref. No.) २०८२/०८३

सू.न.(Notice No.)

सूचना प्रकाशन मितिः २०८२/१२/१७

**विषयः वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूका लागि उद्यमशीलता प्रवर्द्धन कार्यक्रम अन्तर्गत उद्यमशीलता तथा वित्तीय साक्षरता तालिममा सहभागिता सम्बन्धी सूचना !!!**

उत्तरगया गाउँपालिकाको आर्थिक वर्ष २०८२/८३ मा स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूले विदेशमा आर्जन गरेको ज्ञान, सीप, पूँजी र अनुभवलाई स्वदेशमै उपयोग गरी स्वरोजगार बन्न प्रोत्साहन गर्ने उद्देश्यले सञ्चालन गरिने **"वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको लागि उद्यमशीलता प्रवर्द्धन कार्यक्रम** "अन्तर्गत उद्यमशीलता तथा वित्तीय साक्षरता तालिममा सहभागी हुन इच्छुक तथा योग्यता पुगेका यस गाउँपालिकाका स्थायी बासिन्दाहरूले सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र (२०८३ वैशाख १ गते उक्त अन्तिम दिन सार्वजनिक विदा रहेकोले सोको भोलिपल्ट कार्यालय खुल्ने समयभित्र) तोकिएको ढाँचामा गाउँपालिकाको रोजगार सेवा केन्द्र वा सम्बन्धित वडा कार्यालय मार्फत आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | कार्यक्रमको नाम | कार्यक्रम अवधि | लक्षित व्यक्ति/समूह | आवश्यक संख्या |
|---|---|---|---|---|
| १ | उद्यमशीलता प्रवर्द्धन कार्यक्रम अन्तर्गत उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम | ७ दिन | वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा नै उद्यम तथा व्यवसाय गर्न चाहने व्यक्तिहरु | २५ जना |

**तपसिलः**

१. तोकिएको ढाँचामा भरिएको निवेदन,

२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ प्रति,

३. राहदानी (Passport) को प्रतिलिपि - १ प्रति,

४. वैदेशिक रोजगारीबाट फर्केको खुल्ने प्रमाण (श्रम स्वीकृति, भिसा वा करार सम्झौताको प्रतिलिपि) - १ प्रति ।

**थप जानकारीको लागिः**

रोजगार सेवा केन्द्र, उत्तरगया गाउँपालिका सम्पर्कः ९७६६८८२१८८

२०८२/१२/१७

होमनाथ दाहाल

प्रमुख प्रशासकीय अधिकृत

होमनाथ दाहाल
प्रमुख प्रशासकीय अधिकृत

Website: www.uttargayamun.gov.np
Email: uttargayarm1@gmail.com
फोन नं. +९७७-१०५९२७७७

*"समृद्ध उत्तरगया, सभ्य र खुशी उत्तरगयाबासी"*

मितिः २०८२/१२/......

श्रीमान् वडा अध्यक्ष/ प्रमुख प्रशासकीय अधिकृतज्यू,

उत्तरगया गाउँपालिकाको कार्यालय, लहरेपौवा,रसुवा ।

**विषयः उद्यमशीलता प्रवर्द्धन कार्यक्रम अन्तर्गत उद्यमशीलता तथा वित्तीय साक्षरता तालिममा सहभागी हुन पाऊँ भन्ने सम्बन्धमा ।**

उपरोक्त विषयमा उत्तरगया गाउँपालिकाको मिति २०८२/१२/१७ मा प्रकाशित सूचना अनुसार वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूका लागि सञ्चालन गरिने "उद्यमशीलता प्रवर्द्धन कार्यक्रम अन्तर्गत उद्यमशीलता तथा वित्तीय साक्षरता तालिममा " म पनि सहभागी हुन इच्छुक रहेकोले यो निवेदन पेश गरेको छु। मैले वैदेशिक रोजगारीको क्रममा आर्जन गरेको ज्ञान, सीप र अनुभवलाई आफ्नै गाउँपालिकामा सदुपयोग गरी स्वरोजगार बन्ने लक्ष्य राखेको छु। मेरो व्यक्तिगत विवरण र आवश्यक कागजातहरू यसै साथ संलग्न छन् ।

मेरो व्यक्तिगत विवरणः

१) नाम/थरः.

लिङ्गः

२) स्थायी ठेगानाः उत्तरगया गाउँपालिका, रसुवा ।

वडा नं.:. गाउँ/टोलः

३) नागरिकता नं.:

जारी मितिः....

४ ) शैक्षिक योग्यताः

५ ) राहदानी (Passport) नं.:.

६) वैदेशिक रोजगारीमा गएको देशः

७) विदेशमा गरेको कामको (सीप) प्रकारः.

८) स्वदेश फर्किएको मितिः

९ ) सम्पर्क मोबाइल नं.:

१०) इमेल (भएमा):.

११) हाल स्वदेशमा गर्दै गरेको पेशा वा व्यवसाय (भएमा)...

१२) यस उद्यमशीलता प्रवर्द्धन कार्यक्रमबाट के अपेक्षा गर्नुहुन्छ?

माथि उल्लेखित विवरणहरू सत्य साँचो हुन्, झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला। तालिममा रहँदासम्म पूर्ण अनुशासन र तालिमको आचारसहिंता पालना गरी तालिम हासिल गर्नेछु । यो तालिम पश्चात् नयाँ व्यवसाय शुरुवात गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

निवेदक

हस्ताक्षरः

नामः

**संलग्न कागजातहरूः**

१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि - १ प्रति

२) राहदानी (Passport) को प्रतिलिपि - १ प्रति

३) वैदेशिक रोजगारीबाट फर्केको खुल्ने प्रमाण (श्रम स्वीकृति/भिसा/करार सम्झौता) - १ प्रति

होमनाथ दाहाल
प्रमुख प्रशासकीय अधिकृत

उत्तरगया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा, रसुवा
बागमती प्रदेश, नेपाल
२०७३